अनुसूची– १६

(दफा ३३ को उप– दफा (२) सँग सम्बन्धित)

**श्री अमिलिया सामुदायिक वन उपभोक्ता समूह**

**लमही नगरपालिका वडा नं. ९ अमिलिया, दाङ**

अध्यक्ष

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०३/०३

श्री अमिलिया सामुदायिक वन उपभोक्ता समूहको वनबाट आ.व. २०८१।०८२ मा उत्पादित र आ.व. २०८०।०८१ को आपुर्ती समितिवाट फिर्ता भई लमही नगरपालिका वडा नं. ९ अमिलिया घाट्गद्दीमा लटमा विभाजित निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २२ (वाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

<u>तपसिल</u>

**१.वन पैदावारको विवरण**

| वन पैदावारको | | | | | | मूल्याङ्कन (रु.) | |
|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | न्यूनतम | संकलन खर्च |
| १ | साल | गोलिया | ए | ६ | ९१.३५ | ११४१८७.५० | ३४९४८४.६६ |
| | साल | गोलिया | बी | १७ | १४०.४६ | १२६४१४.०० | |
| | साल | गोलिया | सी | १०४ | ३४६.७ | २०८०१७.६१ | |
| | साल | गोलिया | डी | ६९ | १२६.८६ | ३८०५८.८७ | |
| | साल जम्मा | | | १९६ | ७०५.३७ | ४८६६७७.९८ | |
| | असना | गोलिया | ए | ३ | ५८.५८ | २३४३१.४२ | |
| | असना | गोलिया | बी | १७ | १५६.२८ | ४६८८३.७३ | |
| | असना | गोलिया | सी | ४६ | १८९.९७ | १८९९७.२६ | |
| | असना जम्मा | | | ६६ | ४०४.८३ | ८९३१२.४२ | |
| | जामुन | गोलिया | बी | २ | १४.१५ | ४२४५.६७ | |
| | जामुन | गोलिया | सी | ३३ | ८४.७८ | ८४७८.३२ | |
| | जामुन जम्मा | | | ३५ | ९८.९४ | १२७२३.९८ | |
| | टिकै | गोलिया | - | १६ | ३९.७१ | ३९७०.८६ | |
| | सादन | गोलिया | - | ८ | २८.२८ | ८४८४.०७ | |
| | कुसुम | गोलिया | - | २१ | १०७.७२ | १०७७२.१७ | |
| | धौटी | गोलिया | - | २७ | १०१.७२ | १०१७१.८१ | |
| | बोटधंगेरो | गोलिया | - | ८ | २६.३३ | २६३३.०५ | |
| | कर्णाली | गोलिया | - | २२ | ५६.३१ | ५६३१.१२ | |
| | कुम्भी | गोलिया | - | ३ | २०.९९ | २०९९.३६ | |
| | दवदवे | गोलिया | - | २ | ८.७० | ८६९.६२ | |
| | धमिना | गोलिया | - | १ | ६.०० | ६००.०० | |
| | प्यार | गोलिया | - | ३ | १२.४२ | १२४१.८० | |
| | वर्रो | गोलिया | - | १७ | ४६.९० | ९३८०.०० | |
| | काठको जम्मा | | | ४२५ | १६६४.२१ | ६४४५६८.२४ | ३४९४८४.६६ |
| | साल | दाउरा (चट्टा) | - | - | ५.७५ | ६९०००.०० | २२२५००.०० |
| | अन्य | दाउरा (चट्टा) | - | - | १६.५० | ६६०००.०० | |
| | दाउरा जम्मा | | | | २२.२५ | १३५०००.०० | २२२५००.०० |
| | कुल जम्मा | | | | | ७७९५६८.२४ | ५७१९८४.६६ |

२. वोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८२/०३/२३ गते ।

३. वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८२/०३/२४ (ख) समय १२.०० बजे सम्म ।

अध्यक्ष

४. बोलपत्र साथ कबुल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको सांग्रिला विकास बैंक लमही शाखामा रहेको यस समूहको खाता नं. ०१७००८०००८०१९५००००२ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

५. बोलपत्र फारम प्रति लटको रु. १००० पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय वा डिभिजन वन कार्यालय दाङ (देउखुरी), लमहीबाट खरिद गर्न सकिनेछ र बोलपत्र फारम दाखिला यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा गर्नु पर्नेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस अमिलिया सामुदायिक वन उपभोक्ता समूहको लमही न.पा.-९, अमिलियामा रहेको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

७. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (पि.ए.एन.) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८. निर्धारीत न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०३/२४ गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

९. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र साकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्दी कर, सङ्कलन खर्च छुट्टै बुझाइ लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुवैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

# काठ,दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना !

**प्रथम पटक प्रकाशित मितिः २०८२/०३/०३**

श्री अमिलिया सामुदायिक वन उपभोक्ता समूह, लमही न.पा.-९, अमिलिया, दाङको वनबाट आ.व. २०८१।०८२ मा संकलन भएको साल, असना, जामुन आदि जातको काठदाउरा र आ.व. २०८०।०८१ मा आपुर्ती समितिको लागि छुट्याई फिर्ता भई लमही न.पा.-९ अमिलिया, दाङ घाट्गद्दीमा लट बनाई राखिएको सालको काठ गरी जम्मा काठ १६६४.२१ घ.फि र साल जातको दाउरा ५.७५ चट्टा तथा अन्य जात को मिश्रित दाउरा १६.५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिन (२०८२।०३।२४ गते र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलि पल्ट) भित्र उक्त लटको सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्वन्धि बिस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

अध्यक्ष

**श्री अमिलिया सामुदायिक वन उपभोक्ता समूह**

**लमही न.पा.-९, अमिलिया, दाङ**